प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

**प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई**

धनगढी–कैलाली, नेपाल

**सुचना नं. १: धनगढी–बुडर–बझाङ–कैलाश मानसरोबर पर्यटन करिडर विकासको लागि रणनीतिक योजना तयार गर्न लागि आशयपत्र (EOI) मागको सुचना**

प्रथम पटक प्रकाशित मिति: २०७६।०८।२६

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई धनगढी कैलालीको आर्थिक वर्ष २०७६/७७ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गतको धनगढी-बुडर-बझाङ-कैलाश मानसरोबर पर्यटन करिडर विकास कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन भएको छ । सो अन्तर्गत करिडरको रुट र आसपासका क्षेत्रहरुमा पर्ने पर्यटकिय स्थल तथा सम्भाव्य पर्यटकिय कृयाकलापहरुको पहिचान गरि विकास गर्नको लागि ३ बर्षे कृयाकलापहरु पहिचान सहितको रणनीतिक योजना तयार गर्नका लागि सम्बन्धित सेवा प्रदायक आवश्यक परेको र सोका लागि संक्षिप्त सुचि तयार गर्नुपर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्थाहरुसंग आशयपत्र मागका लागि यो सुचना प्रकाशन गरिएको छ ।

(क) सार्वजनिक निकायको नाम र ठेगाना: प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई धनगढी- कैलाली

(ख) प्रस्तावित काम वा आयोजनाको सामान्य विवरण: धनगढी-बुडर-बझाङ-कैलाश मानसरोबर पर्यटन करिडर विकास कार्यक्रमको रणनीतिक योजना तयार गर्ने । यस अन्तर्गत क्षमता तथा संस्थागत विकास, पर्यटन पूर्वाधार तथा गन्तव्य विकास, पर्यटन प्रवर्धनात्मक कार्यक्रम, र पर्यटकिय वस्तु तथा सेवा सुविधा सम्बन्धमा अवसर र सम्भावनाहरुको बारेमा विस्तृत अध्ययन गरि कृयाकलापहरु पहिचान, खर्च योजना, लाभ-लागत वा लागत प्रभावकारीता सहितको योजना तयार गर्ने

(ग) प्रस्तावित कामको खर्च व्यहोर्ने श्रोत: प्रदेश सरकारको आ.व. २०७६/७७ को स्विकृत बार्षिक बजेट ।

(घ) प्रस्तावित कार्य गर्न लाग्ने अनुमानित समय: ६० दिन

(ङ) आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको आधारमा मुल्यांकन गरि संक्षिप्त सुचि तयार भएपश्चात मात्र परामर्श सेवा खरिद सम्बन्धी आर्थिक र प्राविधिक प्रस्तावहरु माग गरिनेछ ।

(च) आशयपत्र पेश गर्ने अन्तिम मिति तथा स्थान: आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिन भित्र www.bolpatra.gov.np/egp मार्फत तपशिलमा उल्लेख भएअनुसारका शर्तहरु पालन हुने गरि आशयपत्र पेश गर्न सकिनेछ । www.bolpatra.gov.np/egp मार्फत E-bidding बाट प्रस्तावित आशय पत्रहरु १६औं दिनको २.०० बजे यस इकाईमा सार्बजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त Users name र Password प्रयोग गरि खोलिनेछ । सो कार्यमा आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ । तर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

(छ) सम्पर्क ठेगाना: प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, तारानगर, धनगढी- कैलाली।

(ज) सम्पर्क व्यक्ति: अधिकृत श्री लोकराज दहाल

**शर्तहरु**

१. **आशयपत्रदाताको योग्यता र पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरुको प्रतिलिपि**

क. संस्था को बिधान वा प्रवन्धपत्र

ख. संस्था दर्ता भएको अबधि न्यूनतम २ बर्ष पुरा भएको ।

ग. संस्थाको नविकरण अद्यावधिक भएको हुनु पर्नेछ।

घ. मूल्य अभिवृद्धिकरमा (VAT) दर्ता भएको ।

ङ आ.व. २०७५/७६ को आय कर चुक्ता प्रमाण पत्र । (कर छुट सुबिधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोबारको बिबरण पेश गरेको प्रमाण संलग्न हुनुपर्ने)

च. कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भए बमोजिम जनशक्तिको विवरण भएको ।

छ. कालो सूचीमा नपरेको स्वघोषणा- पत्र ।

ज. आ.ब. २०७४/७५ र २०७५/७६ को लेखा परीक्षण भएको ।

झ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हकमा सम्बन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको ।

ञ. विगतका बर्षहरुमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण

ट. सार्बजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढांचा अनुसारको आशयपत्र फाराम

२. एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा वढी करिडरका लागि वा एकभन्दा बढी संस्थाले आशयपत्र पेश गरेको पाइएमा सम्बन्धित जनशक्तिको मन्जुरी बमोजिम कुनै एकका लागि मात्र कारबाहि बढाईनेछ ।

३. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम मूल्यांकन गरी योग्यताक्रमका आधारमा छनौट भएका संस्थाहरुको सूची बर्णानुक्रम अनुसार राष्ट्रिय पत्रिकामा प्रकाशित गरिनेछ ।

४. दुई वा दुई भन्दा वढी गैह्र सरकारी संस्था, फर्म वा कम्पनीले संयुक्त उपक्रम (**Joint Venture**) को रुपमा कार्य/परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने संस्था, फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून वमोजिमको रित पु-याइ आशयपत्र पेश गर्नुपर्नेछ अन्यथा त्यस्ता आशयपत्र उपर कारवाही हुनेछैन ।

५. विस्तृत विवरण सहितको कार्यक्षेत्रगत शर्त (TOR), आशयपत्र यस मन्त्रालयको website: **moitfe.p7.gov.np** वा सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाईट वाट Download गर्न वा कार्यालय समयभित्र यस इकाईबाट प्राप्त गर्न सकिनेछ ।

६. आशयपत्रदाताहरुले आशयपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु पोर्टल www.bolpatra.gov.np मा लग इन (log in) गरी प्राप्त निर्देशन अनुसार स्क्यान गरी पि.डि.एफ (PDF) Format मा तयार गरी अपलोड गर्नुपर्नेछ ।

- **E-Bidding** गर्ने आशयपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अपलोड गरी सक्नुपर्नेछ । अपलोड भएका आशयपत्रहरुमा उल्लेख भए बमोजिमका कागजातहरुको सम्बन्धमा थप जानकारी अवश्यक देखिएमा सक्कल प्रति वा प्रमाणित प्रतिलिपिहरु आशयपत्र खोलेको मितिले ५ दिनभित्र यस मन्त्रालयमा पेश गरी सक्नु पर्नेछ।
- आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु PDF Format मा अपलोड भएको नदेखिएमा, अपलोड भएको PDF File प्रष्टसँग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको PDF File नखुलेमा यस इकाई जवाफदेही हुने छैन ।

७. आशयपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस इकाईमा रहने छ ।

८. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको यस कार्यक्षेत्रगत शर्त (**TOR**) मा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, र प्रचलित कानून वमोजिम हुनेछ ।

९. यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस इकाईको फोन नं. ०९१ ५२३९१५ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

१०. आशयपत्र सम्बन्धी बिस्तृत छलफलको लागि यो सूचना प्रकाशित मितिले सातौ दिन सो दिन सार्बजनिक बिदा परे त्यसको भोलिपल्ट दिनको १३:३० वजे अग्रिम बोलपत्र बैठक **(Pre bid meeting)** इकाईमा बस्नेछ । उक्त बैठकमा सहभागी हुन इच्छुक आशयपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराइएकोछ ।